# संगम बचत तथा ऋण सहकारी संस्था लि.

बिदुर ४, नुवाकोट

## बाह्रौं बार्षिक साधारण सभा

२ असोज, २०७३

**संस्थाको बाह्रौ बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष श्री रमेश कुमार श्रेष्ठ ज्यूको प्रतिवेदन**

यस संगम बचत तथा ऋण सहकारी संस्थाको बाह्रौं बार्षिक साधारणसभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरि पाल्नु भएका श्रीमान् प्रमुख अतिथि ज्यू, बिशिष्ट अतिथि ज्यूहरु, अतिथी ज्यूहरु, बिभिन्न संघ संस्थाबाट पाल्नु भएका प्रमुख एवं प्रतिनिधिज्यूहरु, शेयरधनी महानुभावहरु, संचालक समिति तथा लेखा समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु, सहकारीकर्मी मित्रहरु, पत्रकार मित्रहरु, कर्तब्यनिष्ठ कर्मचारीहरु, महिला तथा सज्जनबृन्दहरु समक्ष संचालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिवादन सहित हार्दिक स्वागत गर्दछु ।

समाजका सदस्यहरुको सामाजिक आर्थिक विकास गर्ने सहकारीको परिभाषा हो । यसले समाज सञ्चालनका हरेक गतिविधि सञ्चालन गर्दै समृद्ध मानवजीवनको परिकल्पना गरेको हुन्छ । सहकारी विचार हो, प्रक्रिया हो, विकासको सिद्धान्त हो । सहकारी न त समाजवादी हुन्छ न त पूजीवादी हुन्छ, यो आफैमा एउटा सामाजिक आर्थिक क्रियाकलापको व्यवस्थापकीय पद्धति हो । अर्थतन्त्रका विभिन्न मोडेल जस्तै सहकारी पनि एउटा मोडेल हो । लोकतान्त्रिक पद्धति भएका देशमा सरकारले समाजप्रतिको उत्तरदायित्व जवाफदेहिता व्यवहारमा देखाउनका लागि सामाजिक लोककल्याण हुने आर्थिक मोडेलका रुपमा सहकारीलाई अवलम्बन गर्ने विश्वास गरिन्छ । अत सहकारी अर्थतन्त्रको आर्थिक मोडेलले सोसियल वेलफेयर, जनसमुदायप्रतिको जवाफदेहितालाई व्यवहारिक रुप दिन सक्षम मानिन्छ ।

सहकारीको सर्वमान्य सिद्धान्त, मूल्य र मान्यतालाई शिरोपर गर्दै सदस्यलाई व्यवसाय पहिचानमा सहयोग गर्न, ज्ञान सीप प्रदान गर्न, तालिम सिपमूलक शिक्षा प्रदान गर्न, प्रविधिको पहुच पुऱ्याउन तथा सदस्यहरुको व्यावसायीक उत्पादनको बजारीकरण गर्ने काम गरी सदस्यलाई व्यावसायिक उद्यमशील बनाउदै आर्थिक र सामाजिक रुपमा आत्मनिर्भर बनाउने उद्देश्यले संगम बचत तथा ऋण सहकारी संस्थाको स्थापना गरिएको हो ।

संस्थाको बिकास र प्रर्वद्धनका लागि सञ्चालक एवं शेयरसदस्यहरुलाई क्रियाशिल गरी लक्ष्य सम्म पुग्न यस सस्थाले सञ्चालक समिति र लेखा समिति बाहेक बिभिन्न उपसमितिहरुको गठन गरी बिनियम अनुसार कार्यबिभाजन समेत गरिएको छ । यस संस्थाले बिगतमा शिक्षा, स्वास्थ्य, खेलकुद, सामाजिक कार्य बाढिपिडीत तथा भुकुम्प पिडितहरुलाई राहत दिने सेवामुलक कार्यहरुपनि संचालन गरी सम्पन्न गरिएको समेत पुनः अवगत गराउन चाहन्छु । यस संस्थाको १९ औं वार्षिक उत्सवको उपलक्ष्यमा वृहत रक्तदान कार्यक्रम र शेयर सदस्यहरुको छोरा छोरी मध्य एस. एल. सी. मा उत्कृष्ट प्राप्ताङ ल्याउन सफल हुने विद्यार्थीलाई सम्मान कार्यक्रम सम्पन्न भईसकेको अवगत गराउन चाहन्छु ।

बिश्व खाद्य कार्यक्रम (WFP), समारिटन्स् पर्स र साप्रोस नेपालले संयुक्त रुपमा नुवाकोटमा १६ वटा गा.वि.स. मा सञ्चालित गरिरहेको " **भुकम्प प्रभावित जनसंख्याको लागि कामको लागि नगद** " भन्ने परियोजना अर्न्तगत उर्लेनी, छाप, तलाखु, लच्याङ्ग, किम्ताङ्ग, बर्सुन्चेतमा गई यस संस्थाद्धारा रेमिटान्स सेवा मार्फत लगभग साढे ६ करोड नगद वितरण गरिएको जानकारी गर्दछु । यस कार्यका लागि यस संस्थाका संचालक तथा लेखा समितिका सहकर्मी साथीहरु र मेहनती कर्मचारीहरुले विभिन्न समस्या हुदांहुदै पनि उक्त कार्य सफलताका साथ सम्पन्न गरिएकोमा विशेष धन्यवाद दिन चाहन्छु ।

संस्थाले शैक्षिक, खेलकुद क्षेत्रमा पनि योगदान पुऱ्याउने उद्देश्यले नृत्य तथा चित्रकला, निवन्ध र वक्तृत्वकला प्रतियोगिताका अतिरिक्त संस्थाको बाह्रौ बार्षिक साधारण सभाको उपलक्ष्यमा जिल्ला स्तरीय मा.वि **"संगम हाजिरीजवाफ प्रतियोगिता २०७३"** र **"संगम ब्याडमिन्टन प्रतियोगिता २०७३"** सम्पन्न गरिएको र आज यस कार्यक्रममा बिजेता बिद्यालय, बिद्यार्थीहरु तथा खेलाडिहरुलाई पुरस्कार तथा प्रशंसा पत्र प्रदान गरिने समेत जानकारी गर्दछु । उक्त हाजिरजवाफ प्रतियोगिता लागि स्थान उपलब्ध गराई सहयोग गर्नु हुने चन्द्रज्योति मा.वि पिपलटार, ब्याडमिन्टन प्रतियोगिता सफल पार्न सहयोग गर्नु हुने नुवाकोट ब्याडमिन्टन सघं, सहभागी भएका सामुदायिक तथा निजी बिद्यालयहरु र उक्त प्रतियोगिताहरुमा निर्णायकको भूमिका निर्वाह गर्नु हुने निर्णायक ज्यूहरुलाई बिशेष धन्यवाद दिन चाहन्छु । यस संस्थाले नयाँ बर्ष २०७३ सालको क्यालेन्डर प्रकाशन गर्न प्रर्वद्धनात्मक सहयोग गर्नुहुने मित्रहरु लाई धन्यवाद दिन चाहन्छु ।

नानीमा लागेको बानी : आज बचाऊ, जिन्दगी भर रमाऊ भन्ने हेतुले यस संस्थाका सदस्यहरुको बालबालिकाहरुको उज्वल भविष्यको लागि संचालनमा रहेको **"संगम बाबुनानी बचत"** खाताका प्रभावकारीतालाई ध्यानमा राखी यसलाई निरन्तरता दिदैं तथा संस्थाको बचत तथा ऋणको ब्याजदर समयसापेक्ष परिमार्जित गरिएको साथै यस संस्थाका शेयर सदस्यहरुलाई आर्थिक सहायता स्वरुप आ.व. ०७२।०७३ को कार्तिक महिना देखि कार्यान्वयन भएको दुर्घटना तथा स्वास्थ्य जिवन बिमा लाई यस आ.ब. ०७३।०७४ मा पनि निरन्तरता दिदै जाने जानकारी गर्दछु ।

आगामी दिनहरुमा यस संस्थाले आफ्नै जग्गामा भवन निर्माण कार्य र संस्था एकिकरण गर्नुपर्ने चुनौती देखिएको छ । यसलाई हामीले चुनौती भन्दा पनि अवसरको रुपमा अगाडि बढ्नुपर्दछ । यस संस्थाको पुँजी, भौतिक तथा मानवीय संसाधन द्वारा सक्षम र आत्मनिर्भर बन्ने साथै दिगो विकास र स्थायित्वमा थप टेवा पुग्ने विश्वास लिएका छौ । तसर्थ यस कार्यलाई छिटो भन्दा छिटो कार्यन्वयन गर्न यस गरिमामय सभाबाट सर्वसम्मत पारित हुने अपेक्षा गरेको छु ।

संस्थाको स्थीर सम्पत्ति तथा पूंजीको रुपमा रहेको कर्मचारीहरुमा समयसापेक्ष संस्थाको बित्तिय अवस्था अनुसार वृतिबिकास तथा कार्यकुशलतामा बृद्धि गर्नका लागि सहकारी बिभाग, डिभिजन सहकारी कार्यालय र जिल्ला सहकारी संघबाट सञ्चालित बिभिन्न ब्यवस्थापन तथा लेखा तालिमहरुमा संस्थाबाट सहभागिता गराईएको र कर्मचारीहरुमा कार्य प्रति उत्साह र उत्प्रेरित गर्नका लागि सञ्चयकोष, ऋण, बिमा, ग्रेड, महंगी भत्ता ब्यवस्था गरिएको समेत जानकारी गर्दछु । संस्थाको चालु आ.व. ०७२।७३ मा उत्कृष्ट आर्थिक कारोवार गरी योगदान पुऱ्याए बापत संस्थामा आवद्ध सदस्यहरु र संस्थाको बिकास र प्रवर्द्धनमा टेवा पुऱ्याउने कर्मठ, निष्ठावान र लगनशिल कर्मचारीलाई सम्मान तथा प्रशंसा पत्र प्रदान गरिने समेत जानकारी गर्दछु ।

यस सहकारी संस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थालाई बहुमूल्य सुझाव प्रदान गरि सस्थाको कार्यदक्षता तथा सेवा बृद्धि गर्न सहयोग गर्ने सम्पूर्ण महानुभावहरु, संस्थाको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी बैंक, सहकारी बिभाग, डिभिजन सहकारी कार्यालय, पत्रकार मित्रहरु, हामीलाई अपार स्नेह, माया, बिश्वास र सुझाव प्रदान गरी संस्थाको उत्तरोत्तर प्रगतिमा लागि पर्नुहुने संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरु, संचालक समितिका सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, सल्लाहकार ज्यूहरु, संस्थाको कर्तब्यनिष्ठ कर्मचारी मित्रहरु प्रति आभार प्रकट गर्दै भविष्यमा निरन्तर सुझाब र सहयोगको अपेक्षा गर्दछु ।

अन्त्यमा, आ.ब. ०७२/७३ को लेखापरिक्षण प्रतिवेदनमा समाबेश भएको आय ब्यय बिबरण, वासलात तथा नगद प्रवाह बिवरण यँहाहरुबाट अनुमोदन गर्नु हुने नै छ भन्ने विश्वास समेत लिएको छु । साथै नजिकिदै आउदै

गरेको नेपालीहरुको महान पर्व शुभ बिजया दशमी, दिपावली, छठ पर्व, नेपाल सम्बत न्हुँद्या भिन्तुना ११३७ को हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै यहाँहरुबाट बिदा हुन चाहन्छु ।

धन्यवाद ! जय सहकारी !

मिति : २०७३ असोज २ आईतवार गते ।

# संगम बचत तथा ऋण सहकारी संस्था लि.

**बिदुर ४, नुवाकोट**

## बाह्रौं बार्षिक साधारण सभा

०२ असोज, २०७३

**संस्थाको बाह्रौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट उपाध्यक्ष श्री केशव मिश्रज्यूद्धारा प्रस्तुत स्वागत मन्तव्य :-**

संस्थाको बाह्रौं बार्षिक साधारण सभाका आदरणीय सभापती ज्यू , प्रमूख अतिथी ज्यू, बिशिष्ट अतिथि ज्यूहरु, अतिथी ज्यूहरु, सञ्चालक समिती, लेखा समिति, विभिन्न उपसमितीका संयोजक तथा सदस्य ज्यूहरु , विभिन्न सहकारी संस्थाका अध्यक्ष तथा प्रतिनिधी ज्यूहरु, पत्रकार मित्रहरु, सम्पूर्ण शेयर सदस्य ज्यूहरु तथा यस संस्थाका कर्मठ एवं इमान्दार कर्मचारी साथीहरुमा जय सहकारीको न्यानो अभिवादन ।

२०५३ साल पुष १५ गते जिल्ला सहकारी कार्यालय नुवाकोट हाल डिभिजन सहकारी कार्यालयमा दर्ता भई विक्रम सम्बत् २०६४ सालमा यस संस्थाले कार्यालय स्थापना गरी कारोवार सुचारु गरेको हो । विभिन्न समस्याहरुका विच अवसरहरुको खोजी गर्दै सहकारी आन्दोलनलाइ टेवा पुऱ्याउने काम गर्दा गर्दै संस्थाले २० वर्ष विताई सकेको छ । विभिन्न आरोह अवरोह पार गर्दै आज हामी यस संस्थाका बाह्रौं बार्षिक साधारण सभामा प्रवेश गरेका छौं । यहाहरुको अपार स्नेह, सहयोग र सद्भाव विना यो पक्कै सम्भव थिएन तसर्थ यस कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सरोकारवालाहरुमा म हृदय देखी नै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

आफ्नो अमुल्य र व्यस्त समयको बाबजुद पनि संस्थाको बार्षिक साधारण सभामा गरीमामय उपस्थिति भई कार्यक्रमलाई सफल पार्दै यस सभाको शोभा बढाइदिनु भएकोमा प्रमुख अतिथी, अतिथी, सञ्चालक समिती, लेखा समिती, छिमेकी सहकारी संस्थाका अध्यक्ष तथा प्रतिनिधी ज्यूहरु, पत्रकार मित्रहरुमा पुन स्वागत अभिवादन टक्रयाउन चाहन्छु साथै भविश्यमा समेत यहाँहरुको अमुल्य सल्लाह र सुझावको अपेक्षा गर्दै नजिकिदै आउदै गरेको नेपालीहरुको महान पर्व शुभ बिजयादशमी, शुभ दिपावली, छठ पर्व तथा नेपाल सम्बत न्हुँद्या भिन्तुना ११३७ को हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै यहाँहरुबाट बिदा लिन चाहन्छु ।

धन्यवाद ! जय सहकारी !

स्वागतम् ! स्वागतम् !! स्वागतम् !!!

जय सहकारी !

मिति : २०७३ असोज ०२ गते आईतवार

# संगम बचत तथा ऋण सहकारी संस्था लि.

बिदुर ४, नुवाकोट

## बाह्रौं बार्षिक साधारण सभा

०२ असोज, २०७३

**संगम बचत तथा ऋण सहकारी संस्था लि.का कोषाध्यक्ष श्री राजु बोगटी ज्यूद्वारा बाह्रौं बार्षिक साधारण सभामा प्रस्तुत बजेट, कार्यक्रम तथा प्रगति विवरण**

यस संगम बचत तथा ऋण सहकारी संस्थाको बाह्रौं बार्षिक साधारणसभाका सभापति ज्यू, हाम्रो आमन्त्रणलाई स्वीकार गरि पाल्नु भएका श्रीमान् प्रमुख अतिथि ज्यू, बिशिष्ट अतिथि ज्यूहरु, अतिथी ज्यूहरु, बिभिन्न संघ संस्थाबाट पाल्नु भएका प्रमुख एवं प्रतिनिधिज्यूहरु, शेयरधनी महानुभावहरु, संचालक समिति तथा लेखा समितिका साथीहरु, सहकारीकर्मी मित्रहरु, पत्रकार मित्रहरु, कर्तब्यनिष्ठ कर्मचारीहरु, महिला तथा सज्जनबृन्दहरु मा मेरो ब्यक्तिगत तथा संस्थाको तर्फबाट हार्दिक स्वागत गर्दै जय सहकारीको न्यानो अभिवादन ब्यक्त गर्दछु ।

**यसै क्रममा यहाँहरु समक्ष आ.ब. २०७२/७३ को लेखापरिक्षण प्रतिवेदन अनुसार संस्थाले प्राप्त गरेको उपलब्धि तथा गतिबिधि बारे प्रकाश पार्न चाहन्छु ।**

**शेयर पूँजी तर्फ :**

आ.ब. २०७२/०७३ मा संस्थाको कुल शेयर पूँजी रु. ११८१६७००।- (एक करोड अठार लाख सोह्र हजार सात सय रुपैया) रहेको छ । जुन संस्थाको सदस्यहरुको बचत सुरक्षाको लागि आवश्यक छ ।

**बचत तर्फ :**

आ.ब. २०७१/०७२ मा संस्थामा जम्मा बचत रु. ९०५१४९०५।२२ (नौ करोड पाँच लाख चौध हजार नौ सय पाँच रुपैया बाईस पैसा ) रहेकोमा आव २०७२।७३ मा बचत रु. २३६७१६५२।११(दुई करोड छतिस लाख एकहतर हजार छ सय बाउन्न रुपैया एघार पैसा) बढेर रु ११४१८६५५७।३३ (एघार करोड एकचालीस लाख छयासी हजार पांच सय सन्ताउन्न रुपैंया तेतीस पैसा) रहेको जानकारी गर्दछु ।

**कर्जा तर्फ :**

आ.ब. २०७१/०७२ सम्ममा संस्थाको कुल कर्जा लगानी रु. ७१७५५२२४।- ( सात करोड सत्र लाख पचपन्न हजार दुई सय चौबिस रुपैया ) रहेकोमा यस आ.व.मा कर्जा लगानी रु. १३३७८२३८५।- (तेह्र करोड सैतीस लाख बयासी हजार तिन सय पचासी रुपैया) र कर्जा असुली रु. १००१७७०२८।- ( दश करोड एक लाख सतहतर हजार अठाईस रुपैया ) भई यस आ.व. सम्म रु. १०५३६०५८१।- ( दश करोड त्रिपन्न लाख साठी हजार पांच सय एकासी रुपैया ) बाकी कर्जा लगानी भएको देखिन्छ ।

**मौज्दात रकम :**

यस आ.ब. २०७२/७३ मा नगद मौज्दात रु. ३१९१३।०३ ( एकतीस हजार नौ सय तेह्र रुपैया तिन पैसा) र बैंक मौज्दात रु. १८०३६८८२।५६ ( एक करोड असी लाख छतीस हजार आठ सय बयासी रुपैया छपन्न पैसा) मौज्दात रहेको देखिन्छ ।

**मुनाफा :**

यस संस्थाले आ.ब. ०७१/७२ मा रु. १०३९०९७।९३ (दश लाख उनन्चालिस हजार सन्तानब्बे रुपैया त्रियानब्बे पैसा) मुनाफा भएकोमा यस आ.व.मा बृद्धि भई रु. १६७९२६२।७९ (सोह्र लाख उन्नासी हजार दुई सय बैसाठी रुपैया उन्नासी पैसा) मुनाफा हासिल गर्न सकिएको छ ।

**शेयर सदस्य :**

यस आव ०७२।७३ सम्म कुल शेयर सदस्य महिला १३१ र पुरुष ३५७ गरी जम्मा शेयर सदस्य ४८८ जना रहेको जानकारी गराउदछु ।

**कोषको ब्यबस्था :**

यस संस्थाले सहकारी मापदण्ड अनुसार ऋणको १ प्रतिशत रु. १०५१६५९।- (दस लाख एकाउन्न हजार छ सय उनन्साठी रुपैया) जोखिम ब्यहोर्ने कोष व्यवस्था गरिएको छ । संस्थाको यस आ.ब. सम्म जगेडा कोषमा रु १२६७९६८।०४ (बाह्र लाख सडसाठी हजार नौ सय अडसाठी रुपैया चार पैसा), भवन निमार्ण कोषमा रु १३५६४८०।- (तेह्र लाख छपन्न हजार चार सय असी रुपैंया) र अन्य बिभिन्न शिर्षकको कोषमा रु १००७५५७।६७ ( दस लाख सात हजार पांच सय सन्ताउन्न रुपैया सडसाठी पैसा ) भएको जानकारी गराउदछु ।

**अब म यस साधारण सभामा यस संस्थाको आगामी आ.ब ०७३/०७४ र ०७४/०७५ को लागी बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

**आ.ब.०७३/७४ तथा ०७४/७५ को अनुमानित बजेट तथा कार्यक्रम**

**१) आ.व. ०७३/७४ तथा ०७४/७५ को अनुमानित सदस्य संख्या, शेयर पुजी, निक्षेप तथा ऋण लगानीको कार्यक्रम विवरण:**

| क्र.स. | शीर्षक | आ.व.०७३/७४ (रु) | आ.व.०७४/७५ (रु) |
|---|---|---|---|
| १. | शेयर सदस्य संख्या | ५५० जना | ६०० जना |
| २. | शेयर पुंजी | १,३०,००,००० | १,४०,००,००० |
| ३. | बचत संकलन | १३,००,००,००० | १४,००,००,००० |
| ४. | कर्जा लगानी | ११,५०,००,००० | १३,५०,००,००० |

## २) आ.व. ०७३/०७४ तथा ०७४/०७५ को अनुमानित आम्दानी खर्चको विवरण

### क) आम्दानी तर्फ

| क्र.स. | शीर्षक | आ.व.०७३/७४ | आ.व.०७४/७५ |
|---|---|---|---|
| १. | ऋणबाट ब्याज | १,६०,००,००० | १,९०,००,००० |
| २. | लगानीबाट ब्याज | ६,००,००० | ६,२५,००० |
| ३. | रेमिटान्स आम्दानी | ४,००,००० | ४,२५,००० |
| ४ | बिबिध आम्दानी | २३,५०,००० | २५,००,००० |
| | **अनुमानित कुल आम्दानी** | **१,९३,५०,०००** | **२,२५,५०,०००** |

### ख) खर्च तर्फ

| क्र.स. | शीर्षक | आ.व.०७३/७४ | आ.व.०७४/७५ |
|---|---|---|---|
| १. | बचतमा ब्याज खर्च | १,१०,००,००० | १,३०,००,००० |
| २. | बिद्युत/टेलीफोन | ६०,००० | ७०,००० |
| ३. | सुचना | ३०,००० | ३५,००० |
| ४. | ह्रास कट्टि | १,०५,००० | १,००,००० |
| ५. | मसलन्द तथा स्टेशनरी | १,३०,००० | १,४०,००० |
| ६. | तलब खर्च (कर्मचारी संञ्चयकोष समेत) | १३,२०,००० | १४,२०,००० |
| ७. | सामाजिक उत्तरदायित्व तर्फ | ६०,००० | ७०,००० |
| ८ | घरभाडा | १,९०,००० | २,१०,००० |
| ९ | अतिथी सत्कार | ७५,००० | ८०,००० |
| १० | साधारण सभा खर्च | १,९०,००० | २,००,००० |
| ११ | सदस्य शिक्षा तथा अन्तरक्रिया खर्च | २९,००,००० | ३५,००,००० |
| १२ | सञ्चालक समिति बैठक खर्च | १,१०,००० | १,२०,००० |
| १३ | लेखा परिक्षण खर्च | ५०,००० | ५०,००० |
| १४ | दैनिक भ्रमण खर्च | ५,००० | ५,००० |
| १५ | बार्षिक सेवा शुल्क खर्च | ५०,००० | ६०,००० |
| १६ | मंमत सम्भार तथा ज्याला खर्च | ५०,००० | ६०,००० |
| १७ | उपसमिति खर्च | ५०,००० | ५५,००० |
| १८ | इन्धन खर्च | ५,००० | १५,००० |
| १९ | कर्जा जोखिम ब्यवस्थापन खर्च | ५,००,००० | ५,००,००० |
| २० | ब्यावसाय प्रबर्द्धन खर्च (बाबुनानी बर्थडे केक) | १,२०,००० | १,४०,००० |
| २१ | बिबिध भैपरी आउने खर्च | २,००,००० | २,२५,००० |
| | **अनुमानित कुल खर्च** | **१,७२,००,०००** | **२,००,५०,०००** |

## ३) आ.व. ०७३/७४ तथा ०७४/७५ को अनुमानित नाफा नोक्सान विवरण

| आय | | व्यय | | नाफा/नोक्सान | |
|---|---|---|---|---|---|
| आ.व.०७३/७४ | आ.व.०७४/७५ | आ.व.०७३/७४ | आ.व.०७४/७५ | आ.व.०७३/७४ | आ.व.०७४/७५ |
| १,९३,५०,००० | २,२५,५०,००० | १,७२,००,००० | २,००,५०,००० | २१,५०,००० | २५,००,००० |

**अब म यस साधारण सभा समक्ष यस संस्थाको आगामी ०७३/०७४ र ०७४/०७५ को लागी प्रस्तावित कार्यक्रमहरु निम्नानुसार प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

**प्रस्तावित कार्यक्रमहरु :**

- २०७३ पौष १५ गते हुने संस्थाको बार्षिक उत्सवको उपलक्ष्यमा जिल्ला अस्पताल (त्रिशुली अस्पताल)मा रहेका बिरामीहरुलाई फलफुल तथा उपकरण बितरण गरिने ।
- संस्थाका शेयर सदस्यहरुको छोरा वा छोरी एस.एल.सी.मा सम्मिलित भई उच्चतम अंक प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई **संगम एस. एल. सी. सम्मान तथा पुरस्कार** द्धारा सम्मानित गरिने ।
- संस्थाको निर्माणाधिन भवन यस बर्ष पुरा गरी र्कायालय संचालन गरिने ।
- संस्थाले बिगतका बर्षहरुमा झै आगामी बर्षमा पनि शैक्षिक, स्वास्थ्य तथा बिबिध कार्यक्रमलाई निरन्तरता दिइने ।

प्रस्तावित कार्यक्रम, बजेट तथा प्रगती प्रतिवेदन आवश्यक सुझाव सहित पारित गरिदिनुहुनका साथै यस सहकारी संस्थाको प्रगतीको लागि यँहाहरुको अमूल्य एवं सक्रिय सुझाव/सहयोगको अपेक्षा गर्दछु साथै नेपालीहरुको महान पर्व बिजया दशमी, शुभ दिपावली, छठ पर्व, नेपाल सम्बत न्हुँद्या भिन्तुना ११३७ को हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै यहाँहरुबाट बिदा लिन्छु ।

धन्यवाद, जय सहकारी !

मिति : २०७३ असोज २ गते आईतवार

# संगम बचत तथा ऋण सहकारी संस्था लि.

**बिदुर ४, नुवाकोट**

**बाह्रौं बार्षिक साधारण सभा**

०२ असोज, २०७३

**संगम बचत तथा ऋण सहकारी संस्था लि. को बाह्रौ बार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट संयोजक श्री सुदिप अमात्यज्यू द्धाराबाट प्रस्तुत प्रतिवेदन**

आदरणीय सभापती ज्यू, प्रमुख अतिथि ज्यू, बिशिष्ट अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, विभिन्न संघ संस्थाहरुबाट पाल्नु भएका संस्था प्रमुख तथा प्रतिनिधि ज्यूहरु, यस सहकारी संस्थाका सदस्य ज्यूहरु, पत्रकार मित्रहरु सवैभन्दा पहिले यस लेखा समितिको तर्फबाट यहाँहरु समक्ष नजिकिदैं गरेको बिजयादशमी, शुभ दिपावली, छठ तथा नेपाल सम्बत न्हुँद्या भिन्तुना ११३७ को हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्न चाहन्छु ।

अब म य संगम बचत तथा ऋण सहकारी संस्थाको बाह्रौं बार्षिक साधारण सभामा आव ०७२।७३ को लेखा समिति प्रतिवेदन बुँदागत रुपमा प्रस्तुत गर्दछु ।

**१. निक्षेप संकलन तर्फ :-**

अघिल्लो आ.ब. २०७१।७२ को तुलनामा आ.ब. २०७२।७३ को निक्षेप २६.१६ प्रतिशतले बृद्धि भई रु. ११४१८६५५७३३ (एघार करोड एकचालीस लाख छयासी हजार पाँच सय सन्ताउन्न रुपैंया तेतीस पैसा) पुगेको देखियो । निक्षेपमा वृद्धि राम्रो मानिएता पनि निक्षेप वृद्धि हुदा संस्थाको हालको शेयर पूजींको परिमाण शेयर सदस्य ज्यूहरु मार्फत शेयर पूजीं वृद्धि गर्न सक्ने क्षमताको नियमित विश्लेषण तथा प्राप्त निक्षेपलाई अनिवार्य रुपमा प्रदान गर्नु पर्ने व्याज तिर्न सक्ने क्षमता वृद्धि गर्ने तर्फ संस्था सदैव चनाखो रहनू पर्ने तर्फ यस लेखा समिति जोड दिन चाहान्छ।

**२. ऋण लगानी :-**

आ. ब. २०७१।७२ को तुलनामा आ.ब. २०७२।७३ को ऋण लगानी ४६.८४ प्रतिशतले बृद्धि भई रु. १०,५३,६०,५८१/- ( दश करोड त्रिपन्न लाख साठ्ठी हजार पाँच सय एकासी रुपैया ) पुगेको देखियो । निक्षेपमा भएको बृद्धि अनुसार ऋण लगानीमा बृद्धि प्रशंसनीय देखिएता पनि सत प्रतिशत ऋण लगानी गर्दा तयार गरिने दस्तावेजहरु अत्याधिक वैज्ञानिक तथा कानुनी रुपले बलियो हुन पर्ने तर्फ लेखा समिति समिति जोड दिन चाहान्छ ।

**३. ऋण असुली तर्फ :**

ऋण असुली तर्फ संस्थाको कार्य सम्पादन राम्रो देखियो । यघपी भाखा नाघेको तथा नउठ्ने सम्भावना देखिएको ऋणको हकमा जोखिम व्यहार्ने कोषको व्यवस्था गरेको देखिएता पनि उक्त ऋणहरु सँग कानुनी बमोजिम असुल उपर गर्न तदारुक नदेखिएकोले यस उपर तत्काल कदम चाल्न यस समिति निर्देशित गर्न चाहान्छ ।

**४. धितोको ब्यवस्था :**

चल सम्पत्ति धितो लिदाँ धितो मूल्यांकनकर्ताको व्यवस्थाले यस आव मा पनि निरन्तरता पाएको देखियो । यस आ.ब.मा भएको कुल ऋण लगानी मध्ये प्राय धितो लिई गरेको देखिएता पनि ऋण लगानी गर्दा शत प्रतिशत सुरक्षित ऋण लगानी गर्न यस लेखा समिति सुझाब दिन चाहान्छ ।

**५. शेयर सदस्य ज्यूहरुको सक्रियता:-**

कुनै पनि सहकारी संस्थाले दिर्घकाल सम्म सफलता पूर्वक आफ्नो असतित्व कायम राख्न शेयर सदस्य ज्यूहरुको सक्रिय सहभागिता अपरिहार्य रहन्छ । अर्थात संस्थाको वचत संकलन तथा ऋण लगानी गर्ने दुवै कार्यक्रममा सम्पूर्ण सदस्य ज्यूहरुको स्वत स्फुर्त सहभागिता अनिवार्य रहन्छ । त्यस्को लागि संस्थाले आजको प्रतिस्पर्धात्मक बजारको विश्लेषण गरी प्रतिस्पर्धात्मक ब्याज दर सहित आफूलाई प्रस्तुत गर्नु पर्ने तथा समय समयमा बजार व्याजदरको विश्लेषण गरी व्याज दरलाई अद्यावधिक गर्न यस लेखा समिति सुझाव दिन चाहान्छ । साथै शेयर सदस्य ज्यूहरुलाई सहकारीको अवधारणा ज्ञान तथा सीपमा निपूण बनाउने तथा उहाँहरुको वृतिबिकास तथा लगानी प्रर्वद्धनको लागि संस्थाको तर्फबाट दिई रहेको शिक्षा तथा तालिमहरु समसामयिक रुपमा सुहाउदो बनाउन यस लेखा समिति सुझाव दिन चाहान्छ ।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको सम्बन्धमा :-**

पदाधिकारीहरुलाई न्युनतम रुपमा बैठक भत्ता तथा उक्त बैठकको लागि खाजा तथा यातायात खर्च दिइएता पनि पारिश्रमिक तथा अन्य सुविधा नदिइएको देखियो ।

**७. आब २०७२।७३ मा बसेको बैठकको संख्या तथा कार्यान्वयनको अवस्था :-**

यस आवमा संचालक समितिको कुल १३ वटा बैठक बसेको देखियो साथै उक्त बैठकमा भएको अधिकांश निर्णयहरु कार्यान्वयन भैसकेका तथा कार्यान्वयनको प्रक्रियामा रहेको देखियो ।

**८. भवन निर्माण सम्बन्धमा :-**

विदुर नगरपालिका वडा नं ४ स्थित संस्थाको जग्गामा निर्माणाधीन भवन निर्माण गर्दा भवन निर्माण कोषमा रहेको रकम मात्र प्रयोग गर्न सुझाव दिन चाहान्छ । यद्यपी उक्त कोषको रकम अपर्याप्त रहेको हुदा अपुग रकमको व्यवस्थापन गर्न शेयर सदस्य ज्यूहरु बाट सहयोग माग गर्न सक्ने तथा संस्थाले धान्न सक्ने गरी सानो परिमाणमा ऋण पनि लिन सक्ने जस्ता बिकल्पहरु प्रयोग गर्न संस्था स्वतन्त्र रहेता पनि संस्थाले संकलन गरेको निक्षेप भने कुनै पनि अवस्थामा प्रयोग गर्न नपाइने प्रति यस लेखा समिति स्पष्ट पार्न चाहान्छ । साथै आर्थिक पारदर्शिताको लागि सार्वजनिक खरिद ऐनलाई निष्ठा पूर्वक अनुसरण गर्न ध्यानाकर्षण गर्न चाहान्छ ।

**९. प्रविधिको प्रयोग :**

कार्यालयको कार्य सम्पादन छिटो छरितो सहज तथा वैज्ञानिक बनाउन यस संस्थाले सदैव आधुनिक प्रविधिहरु जस्तै कम्प्यूटराइज, लेखा विधि, SMS बैकिंङ्ग, सि.सि. टिभी क्यामरा आदिहरु प्रयोगमा ल्याएको देखिन्छ । यस सन्दर्भमा कर्मचारी प्रशासनलाई सहज तथा सुद्धड बनाउन मदत पुग्ने देखिएकोले कर्मचारीको दैनिकी हाजिरीमा आधुनिक प्रविधि प्रयोग गर्न यस समिति सुझाव दिन चाहान्छ ।

**८. कर्मचारी प्रशासन सम्बन्धि व्यवस्था :-**

कर्मचारी प्रशासन सम्बन्धी नियमाबली प्रयोगमा ल्याएको पाईयो । साथै कर्मचारी भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी भएको पाईयो ।

**९. कर्मचारी उत्प्रेरणा सम्बन्धि व्यवस्था :-**

अघिल्लो आर्थिक वर्षहरु झै यस आ.बमा पनि एक जना उत्कृष्ट कर्मचारीलाई सम्मान गर्ने कार्यक्रमले निरन्तरता पाएबाट कर्मचारी उत्प्रेरणामा सकारात्मक प्रभाव परेको देखियो ।

**१०. सामाजिक उत्तरदायित्व :-**

संस्थाको एघारौं बर्षिक साधारण सभाको उपलक्ष्यमा विद्यालय स्तरीय बक्तृत्वकला तथा संस्थाको १९औं बार्षिक उत्सवको उपलक्ष्यमा रत्तदान कार्यक्रम संचालन गरी सामाजिक क्रियाकलापमा संस्थाको योगदान लाई निरन्नरता दिइएको देखियो र आगामी बर्षहरुमा पनि संस्थालाई कम आर्थिक भार पर्ने गरी यस्ता क्रियाकलापहरुलाई निरन्तरता दिने कुरा प्रति यस लेखा समिति आशावादी हुन चाहान्छ ।

अन्त्यमा यस सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै सम्पूर्ण सरोकारवालाहरुको सहयोगको अपेक्षा गर्दै बिदा हुन चाहन्छु । धन्यवाद

जय सहकारी !

मिति : २०७३ असोज ०२ गते आईतवार